का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ साउन २०८१,
सोमबार
22 July 2024,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १६० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

### सात बुँदे सहमति संसदमा प्रस्तुत

# प्रधानमन्त्री ओलीलाई फेरि दुईतिहाइ






२०७४ सालको चुनावपछि तत्कालीन नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट ओली झण्डै दुईतिहाइ बहुमतको प्रधानमन्त्री बनेका थिए । यसपटक फेरि ओली दुईतिहाइ बहुमतसहित सरकारको नेतृत्वमा पुगेका हुन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ साउन ।

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभामा दुई तिहाइ सांसदको समर्थन पाएका छन् । यो सँगै ओली दुईतिहाइको भारीसहित दोस्रो पटक सरकारको नेतृत्वमा पुगेका छन् ।

२०७४ सालको चुनावपछि तत्कालिन नेपाल कम्युनिस्ट पार्टीको तर्फबाट सरकारको नेतृतव गरेका थिए । झण्डै दुईतिहाइ मतसहितको प्रधानमन्त्री बनेका ओलप्ले ४१ महिना सरकारको नेतृत्व गरेका थिए ।

यसपटक फेरि ओली दुई तिहाइबहुमत सहित सरकारको नेतृत्वमा पुगेका हुन् ।

प्रतिनिधिसभाका २७५ सदस्यमध्ये आइतबार ओलीले राखेको विश्वासको मत सम्बन्धी प्रस्तावको पक्षमा १८८ सांसदले मतदान गरे । विपक्षमा ७४ मत पऱ्यो भने एक मत तटस्थ रह्यो ।

संसद्मा आइतबार २६३ जना उपस्थित थिए । प्रधानमन्त्री ओलीलाई नेपाली कांग्रेस, नेकपा एमाले, जनता समाजवादी पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र केही स्वतन्त्र सांसदले मत दिए ।

नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र एकीकृत समाजवादीले भने विपक्षमा मत दिएका छन् । नेपाल मजदुर किसान पार्टीका एक मात्र सांसद प्रेम सुवाल तटस्थ रहे । ओलीले दुईतिहाई बहुमत पाउनुका पृष्ठ २ मा

## भुटानी शरणार्थी र गिरिबन्धुमा विपक्षीको नजर



जुन ढंगले नयाँ सरकार बन्यो, जसरी विषय अगाडि बढ्यो । विश्वासको मत दिन पनि सकिन्थ्यो होला तर संकेत जुन शुरूवातमा देखियो, त्यसले हामीलाई झस्काएको छ ।

**वर्षमान पुन**
उपमहासचिव
माओवादी केन्द्र



कांग्रेसलाई पनि प्रश्न हुन्छ । हिजो अपोजिशनमा हुँदा गिरीबन्ध टी-स्टेट, गिरीबन्धु टी स्टेट भनियो । के हुन्छ यसमा ? हामीले जवाफको अपेक्षा गरेका छौं ।

**रवि लामिछाने**
सभापति
रास्वपा

प्रतिपक्षमा रहेका दलहरुले नक्कली भुटानी शरणार्थी प्रकरण र गिरिवन्धु टि स्टेटको जग्गाको विषयमा नजर पुऱ्याएका छन् । विगतमा सरकारमा रहँदा यी विषय अगाडि बढेको तर, नयाँ सरकार बनेपछि यो के हुन्छ भन्ने प्रश्न विपक्षी दलका सांसदहरुको छ ।

आइतबार प्रतिनिधि सभा बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीको विश्वासको मतको प्रस्तावमाथिको छलफलमा भाग लिँदै माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले गिरिबन्धु टि स्टेटलगायतको भ्रष्टाचारको फाइल पुष्पकमल दाहाल नेतृत्वको सरकारले खोल्ने बित्तिकै नयाँ सत्ता समीकरण बनाएको आरोप लगाउँदै त्यस विषयमा के हुन्छ भनि सरकारलाई प्रश्न गरे ।

उपमहासचिव पुनले गिरी बन्धु टि-स्टेटलगायतका भ्रष्टाचारको काण्ड लुकाउन कांग्रेस र एमालेले मिलेर सरकार बनाएको आरोप लगाउँदै त्यसको जवाफ आफूहरुले चाहेको पनि बताए ।

'आज भ्रष्टाचारको कुरा उठ्ने बित्तिकै कमरेड प्रचण्ड नेतृत्वको सरकारले भ्रष्टाचारका विभिन्न फाइल खोल्नेबित्तिकै पृष्ठ २ मा

डेंगीबाट
बचौं र बचाऔं
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांसपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्दु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता विमिराहरु आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।
यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमती र लुम्बिनीमा नयाँ सरकार गठन प्रक्रिया शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन ।

संघीय सरकारबाट सत्ताच्युत भएको नेकपा माओवादी केन्द्रले बागमती प्रदेश र लुम्बिनी प्रदेश सरकारको नेतृत्व पनि गुमाएको छ । दुवै प्रदेशमा नयाँ सरकार गठन प्रक्रिया शुरु भएको छ ।

बागमतीका प्रदेश प्रमुख यादवचन्द्र शर्माले नयाँ सरकार गठनका लागि आह्वान गरेका छन् ।

प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा २ बमोजिमको सरकार गठनका लागि दलहरुलाई साउन ८ गते साँझ ५ बजेसम्मको समय दिएर दाबी पेश गर्न आह्वान गरेका हुन् ।

आइतबार मुख्यमन्त्री शालिकराम जम्कट्टेलले पदबाट राजीनामा दिएपछि नयाँ सरकार गठनको पहल थालिएको हो ।

प्रदेश प्रमुखले मुख्यमन्त्री जम्कट्टेलले दिएको राजीनामा स्वीकृत गर्दै अर्को सरकार गठन नहुन्जेल उनैलाई काम चलाउ मुख्यमन्त्रीको जिम्मेवारी दिएका छन् ।

नयाँ सरकार गठनका लागि कांग्रेस र एमालले दावी गर्ने तयारी गरेका छन् । कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बाहादुर सिंह लामाको नेतृत्वमा सरकार गठन गर्नेगरी उनीहरुले दावी पेसको तयारी गरेका छन् ।

लुम्बिनीका प्रदेश प्रदेश अमिक शेरचनले पनि नयाँ सरकार गठनका लागि दलहरूलाई सोमबार साँझ ६:३० बजेसम्मको समय दिएर दाबी पेस गर्न आह्वान गरेका छन् ।

प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा २ बमोजिमको नयाँ सरकार गठनका लागि आह्वान गरिएको प्रदेश प्रमुखको कार्यालयले जारी गरेको सूचनामा उल्लेख छ ।

आइतबार लुम्बिनीका मुख्यमन्त्री जोखबहादुर महराले राजीनामा दिएका थिए । मुख्यमन्त्रीले राजीनामा दिएपछि नयाँ सरकार गठनका लागि आह्वान गरिएको हो । नयाँ सरकार गठनका लागि कांग्रेस र एमालले दाबी गर्ने तयारी गरेका छन् ।

### वैदेशिक रोजगार विशेष

## नवीकरण नभए पनि भिसा प्राप्त कामदारको श्रम स्वीकृति नरोक्न लोकतान्त्रिकको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले वैदेशिक रोजगार विभागका महानिर्देशक डण्डुराज घिमिरेसँग वार्षिक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीमार्फत भिसा प्राप्त कामदारको अन्तिम श्रम स्वीकृति प्रदान गरिदिन आग्रह गरेको छ ।

एशोसिएसनले उपाध्यक्ष विनोदजंग केसीको संयोजकत्वमा गठन गरेको सय संख्या समाधान समिति गठन गरेको छ । समितिले आइतबार विभागका महानिर्देशक घिमिरेलाई विभागमा भेटेर उक्त आग्रह गरेको समितिका सदस्य सचिव एशोसिएसनका महासचिव महेश कुमार बस्नेतले मध्यान्हलाई



जानकारी दिए ।

समितिले त्यसअवसरमा महानिर्देशक घिमिरेलाई ज्ञापनपत्र बुझाउँदै गत आर्थिक वर्ष सय जना कामदार पठाउन नपाएका २ सय ५० भन्दा बढी व्यवसायीहरुको असार मसान्तदेखि विभागको फेमिस प्रणालीमा 'डिएक्टिभ स्टाटस'को अवस्थामा पुगेकाले श्रम स्वीकृति बन्द हुँदा भिसा प्राप्त कामदार र रोजगारदाता कम्पनीहरुलाई नकारात्मक असर परीरहेको बताएको छ ।

ज्ञापनपत्रमा समितिले कामदारहरुको भिसा अवधि सकिन लाग्दा अवस्था दिनप्रति दिन प्रतिकूल र असहज बन्दै कामदारहरुको गरी खान पाउने हक, अधिकार समेत हनन् भएकाले तत्कालै समस्याको समाधान गर्न उच्च प्राथमिकतामा राखिनुपर्ने उल्लेख गरेको छ ।

त्यस्तै समितिले वैदेशिक रोजगार नियमावलीको नियम ८ अनुसार असार मसान्तभित्रमा इजाजतपत्र नवीकरण नभएको अवस्थामा अतिरिक्त दस्तुर बुझाइ असोज मसान्तसम्म पनि इजाजत पत्र नवीकरण गर्न पाउने व्यवस्था रहेको स्मरण गराउँदै विगतका नजीर तथा मन्त्रिपरिषदबाट बाधा अड्काउ आदेश नहुन्जेलसम्मका लागि श्रम स्वकृति दिन सहजीकरण गराइदिन पनि अनुरोध गरेको छ ।

जवाफमा महानिर्देशक घिमिरेले विगतका निर्णयहरूको अध्ययन गरी भिसा प्राप्त कामदार वैदेशिक पृष्ठ २ मा

## ३७ दिनमा १३० जनाको मृत्यु

### काल बन्यो वर्षात

**शिव विक/मध्यान्ह**
काठमाडौं, ६ साउन ।

पछिल्लो ३७ दिनमा बाढी, पहिरो लगायतको विपद्का घटनामा परेर एक सय ३० जनाको मृत्यु भएको छ । १४४ जना घाइते भएका छन् ।

गत जेठ २८ गते यता देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्मा परी आइतबार दिउँसोसम्म १ सय ३) जनाको मृत्यु भएको हो ।

बाढी, पहिरो लगायतका विपद्मा परी काठमाडौं उपत्यकामा २ जना, कोशी प्रदेशमा २२ जना, मधेस प्रदेशमा ५ जना, बागमती प्रदेशमा २४ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा ७ जना र सुदूरपश्चिम प्रदेशमा ९ जना गरी जम्मा १ सय ३० जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

काठमाडौँ उपत्यकामा ९ जना, कोशी प्रदेशमा ३४ जना, मधेस प्रदेशमा ९ जना, बागमती प्रदेशमा ७ जना, गण्डकी प्रदेशमा २९ जना, लुम्बिनी प्रदेशमा ९ जना, कर्णाली प्रदेशमा ३३ जना र सुदूरपश्चिम प्रदेशमा १४ जना गरी जम्मा १ सय ४४ जना घाइते भएका छन् ।

घाइतेहरूलाई उपचार स्थानीय अस्पताल भएको छ । साथै कोशी प्रदेशमा ४९ जना, गण्डकी प्रदेशमा १२ जना र सुदूरपश्चिम प्रदेशमा ५ जना गरी जम्मा ६६ जनाको उद्धार गरिएको छ ।

बाढी पहिरोमा परी कोशी प्रदेशमा २ जना, मधेस प्रदेशमा १ जना, बागमती प्रदेशमा २ जना, गण्डकी प्रदेशमा १ जना, लुम्बिनी प्रदेशमा १ जना, कर्णाली प्रदेशमा १ जना र सुदूरपश्चिम प्रदेशमा १ जना गरी ९ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी छ ।

बाढीको कारण जम्मा १ सय ८२ घर डुबानमा परेका छन् । २ सय २९ वटा घर, ८४ वटा गोठ, ४३ वटा पुल, २ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ५ सय ८९ वटा पशु चौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट ३ हजार ९ सय ९८ घर परिवार विस्थापित भएको कार्यालयले जनाएको छ ।

विपद् पुर्वतयारी आदिमा सरकारको कमजोरी हुँदा वर्षात पनि काल बन्न पुगेको सरोकारवालाहरु बताउँछन् ।

संसदमा समेत यो विषयमा प्रश्न उठ्ने गरेको पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
७ साउन २०८१, सोमबार
22 July 2024, Monday

# ‘ज्येष्ठ नागरिक आवाज’ लोकार्पण



**काठमाडौं/मस–** तारकेश्वर ज्येष्ठ नागरिक सेवा समाजको आयोजना तथा मिलन बस्ती योग साधना केन्द्र, बज्रयोगिनी योग साधना केन्द्र र पतञ्जली योग समिति तारकेश्वरको सहआयोजनामा ज्येष्ठ नागरिक आवाज लोकार्पण तथा योग र ज्येष्ठ नागरिक विचार गोष्ठी सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष डा. वीरेन्द्र थपलियाको अध्यक्षता, शिक्षाविद् तथा योगगुरु जगननाथ उपाध्यायको प्रमुख आतिथ्यतामा ७ जना ज्येष्ठ नागरिकलाई सम्म्मान र अभिनन्दन गर्दै कार्यक्रमको उद्घाटन गरिएको थियो । तारकेश्वर नगरपालिका वडा नं.४ स्थित कछुवा पार्टी प्यालेसमा आयोजित उक्त कार्यक्रममा समाजको आठौं कृति ‘ज्येष्ठ नागरिक आवाज’को लोकार्पण पनि गरिएको थियो ।

सो क्रममा अध्यक्ष थपलियाले कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पारे । उनले कोही पनि ज्येष्ठ नागरिक अपहेलित हुन नपरोस् भन्दै ज्येष्ठ नागरिकलाई राज्य र समाज दुवैतर्फबाट कदर र सम्मान गर्नुपर्ने बताए । ज्येष्ठ नागरिक स्वस्थ्य उपचर पाउनबाट वञ्चित हुन नपरोस्, बाँचुनजेल सबैबाट सम्मानजनक व्यवहार पाइरहुन्, योगसँग जोडिएर ज्येष्ठ नगरिकलाई के कस्ता सेवा र फाइदा पुऱ्याउन सकिन्छ ? लागयतका विषयमा केन्द्र भएर कार्यक्रम आयोजना गरिएको बताउँदै उनले समाजले सधैं ज्येष्ठ नागरिकको हित तथा अधिकारका पक्षमा काम गर्ने बताए ।

कार्यक्रमका प्रमुख अतिथि शिक्षाविद् तथा योगगुरु उपाध्यायले घरपरिवारमा भएका ज्येष्ठ नागरिकलाई समय दिने तथा माया सद्भावका साथ व्यवहार गर्नुपर्ने बताए । उनले भने, ‘हामीलाई जन्माउने हुर्काउने, शिक्षा दिने बुबा, आमा जिउँदा भगवान हुन् । उहाँहरुको योगदानको महत्वलाई बुझेर सधैं असल व्यावहार र उचित हेरचाह गर्नु हाम्रो मुख्य कर्तव्य ठानेर घरपरिवारमा भएका ज्येष्ठ नागरिकलाई समय दिने, माया सद्भावका साथ व्यवहार गर्नुपर्छ । ज्येष्ठ नागरिकहरुका सवालमा बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरुको परिपालना गराइ अधिकारको सुनिश्चितता हुनुपर्छ । यस्ता विषयहरु लागू गर्न राज्यले पहलकदमी गर्नुपर्छ । साथै योग, ध्यानसँग ज्येष्ठ नागरिकलाई जोड्दा शारीरिक र मानसिक स्वास्थ्यलाई राम्रो गर्ने हुँदा हामी योगसँग जोडिएकाहरुले आफ्नो घर परिवारका ज्येष्ठ नागरिकलाई असल व्यावहार गर्दै उदाहरणीय बन्नुपर्छ ।’

कार्यक्रममा योगगुरुमा पुष्पा लम्सालले आफूले योग कक्षा गराउँदा सधैं ज्येष्ठ नागरिकलाई गर्ने व्यवहारको बारेमा बताउने गरेको स्मरण गर्दै यस महत्वपूर्ण कार्यक्रममा सोही विषयमा वक्ताको रुपमा उभिन पाउँदा खुसी लागेको बताइन् । उनले आफूले योग मात्र गरेर नहुने बताउँदै आफूले सिकेका कुराहरु घर टोलमा ज्येष्ठ नागरिकलाई पनि सिकाउनुपर्ने बताइन् ।

कार्यक्रम सञ्चालन बज्रयोगिनी योग साधना समूहका सचिव योगगुरु राजेन्द्र धिमिरेले गरेका थिए । कार्यक्रम सञ्चालनका क्रममा उनले तारकेश्वर ज्येष्ठ नागरिक सेवा समाजले योग साधाना केन्द्रहरुसँग सहकार्य गरेर यस प्रकारको कार्यक्रम गरेकोमा खुसी लागेको बताए ।

कार्यक्रममा डा.विष्णु न्यौपानेले लोर्कापित कृतिको बारेमा बोल्दै कृतिभित्र ज्येष्ठ नागरिकहरुको आवाज रहेको र के कसरी ज्येष्ठ नागरिकका समस्या बुझ्न सकिन्छ, के कस्ता अपेक्षा गरेका हुन्छन् भन्ने विषयहरु रहेकाले सबैले उक्त कृति पढेर आगमी आंकका लागि सुझाव दिन आग्रह गरे । कार्यक्रममा मिलन बस्ती योग साधना केन्द्रको तर्फवाट सुस्मा रेग्मीले स्वागत मन्तव्य, बज्रयोगिनी योग साधना समूहका अध्यक्ष सुमन थापा एवम् मिलन बस्ती योग साधना केन्द्रबाट अध्यक्ष राधिका महर्जनले शुभकामना मन्तव्य राखेका थिए भने धन्यवाद मन्तव्य योगगुरु केदार अधिकारीले राखेका थिए ।

## ओलीलाई ...

पछाडि प्रतिनिधि सभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको साथ पाउनु हो ।

प्रधानमन्त्री ओलीले कांग्रेस र एमालेबीच भएको ७ बुँदे सहमति आइतबार प्रतिनिधिसभा बैठकबाटै सार्वजनिक गरे ।

प्रतिनिधिसभा बैठकमा विश्वासको मतसम्बन्धी प्रस्ताव राख्ने क्रममा उनले दुई दलबीच भएको ७ बुँदे सहमति सार्वजनिक गरेका हुन् ।

उक्त सहमति अनुसार पहिलो चरणमा दुई वर्ष सरकारको नेतृत्व एमाले अध्यक्ष ओलीले गर्ने र त्यसपछि २०८४ मंसिरको चुनावसम्म कांग्रेस सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व गर्नेछन् ।

राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायीत्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने विषय पनि समझदारीमा छ ।

अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यवसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्त्रिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने भनिएको छ ।

राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको सरकार सञ्चालनका आधार र न्यूनतम साझा कार्यक्रम तर्जुमा गरी सोही आधारमा सरकार सञ्चालन गर्ने भनिएको छ ।

प्रधानमन्त्रीले विश्वासको मत पाएसँगै कांग्रेस र एमालेबीच भएको सहितका ७ बुँदे सहमतिलाई पनि संसदले अनुमोदन गरेको ठहरिएको नेताहरू बताउँछन् ।

## भुटानी...

नक्कली भुटानी शरणार्थीदेखि गिरीबन्धु टी-स्टेटसम्मका कुराहरु उठ्दै गर्दा यहाँ नेपाली कांग्रेसका माननीय महामन्त्रीजीहरुले ती एजेण्डा छोड्दैनौं भनिराख्नु भएको छ’ पुनले भने ।

यसमा कांग्रेसमाथि समेत प्रश्न हुने उनले बताए । ‘यसमा निश्चय पनि नेपाली कांग्रेसलाई पनि प्रश्न हुन्छ । हिजो त यही हाउसमा अपोजिशनमा हुँदा गिरीबन्ध टी-स्टेट, गिरीबन्धु टी स्टेट भनियो। के हुन्छ यसमा? यसमा हामीले जवाफको अपेक्षा गरेका छौं । नेपाली जनताले यसको जवाफको अपेक्षा गरेको छ’ पुनले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानले विगतका सरकारले जहाँ-जहाँ प्रश्न उठायो, त्यससँग जोडिएका मानिसलाई मन्त्री बनाएर पुरस्कृत गरिएको आरोप लगाए ।

‘सुशासनका सवालमा निर्मतापूर्वक अगाडि बढ्नुहुन्छ भन्ने विश्वास त थियो । तर मेरो विश्वास डगमगायो । जुन ढंगले सरकार बन्यो, जसरी विषय अगाडि बढ्यो । विश्वासको मत दिन पनि सकिन्थ्यो होला तर संकेत जुन सुरूआतमा देखियो, त्यसले हामीलाई झस्काएको छ’ लामिछानेले भने ।

सभापति लामिछानेले अगाडि भनेका छन्, ‘सरकार सुरू हुनेबित्तिकै हामीले अनुसन्धान गरिरहेको विषय, कोही हाजिरी जमानीमा छुट्नुभएको मान्छे बालकोटमा गीत गाउँदै हुनुहुन्थ्यो’ बाँसबारी छालाजुत्ता कारखानाको जग्गाको अनुसन्धान चलिरहँदारहँदै गीतको आवाज आयो बालकोटबाट ।’

उनले नक्कली भुटानी शरणार्थी, स्काउटको जग्गा भाडा प्रकरणसँग जोडिएका मानिसले पनि मन्त्री पुरस्कार पाएको बताए ।

‘जहाँ-जहाँ हामीले विषय उठायौं, त्यहाँत्यहाँ पुरस्कार देखियो । नक्कली भुटानी शरणार्थीको विषयमा पुनः अनुसन्धान सुरू भयो, मन्त्रिपरिषदमा को गयो देशलाई राम्रोसँग थाहा छ’ उनले भने, ‘हामीले बालमन्दिरको कुरा उठायो त्यहाँ पनि पुरस्कार । बालमन्दिरको जग्गाको कुरा उठिरहँदा मन्त्रिपरिषद्मा कस्ता मानिस जानुभयो, त्यसले पनि हामीलाई झस्काउने वातावरण सिर्जना गर्यो। स्काउटको विषय उठायौं, त्यहाँ पनि ।’

उनले नयाँ दलले स्टन्ट गरे भनेको सुन्ने गरेको बताउँदै स्टन्टको पर्याय आँट, साहस, विधि, न्याय भएको बताए । भष्टाचारका काण्डहरुमा आफूहरुको नजर रहिरहने प्रतिवद्धता जनाए ।

## नवीकरण...

रोजगारमा जान पाउने वातावरण बनाउन पहल गर्ने आश्वासन दिएको महासचिव बस्नेतले बताए ।

विभागले गत असार ३१ गते जापान इन्टरनेशनल ट्रेनिङ कोअपरेशन अर्गनाइजेशन जिट्को नवीकरण वा नयाँ सूचीकृत हुन सूचना प्रकाशन गरेको थियो । समितिले सय संख्या नपुऱ्याएका इजाजत पत्र नवीकरण हुन बाँकी भएका संस्थालाई समेत जिट्कोमा नवीकरण तथा सूचीकृत हुनका लागि नरोक्न पनि आग्रह गरेको छ ।

त्यसैगरी समितिले वार्षिक सय संख्या र तोकिएका अन्य कागजात अनलाइनमार्फत बुझाएका संस्थाहरूको नवीकरण यथाशक्य छिटो टुंग्याइदिन पनि महानिर्देशक घिमिरेको ध्यानाकर्षण गराएको छ ।

महानिर्देशक घिमिरेसँग छलफलका लागि समिति संयोजक एशोसिएसनका वरिष्ठ उपाध्यक्ष विनोदजंग केसीसहित महासचिव बस्नेत, समितिका सदस्यहरु हिमा गुरूङ, रोशना निरौला, देउ प्रसाद गौतम, कुवेरसिह कोइराला (पंकज) र अमर प्रकाश तिवारी विभाग पुगेका थिए ।

महासचिव बस्नेतले महानिर्देशकसँगको छलफल अत्यन्तै सकारात्मक रहेकाले समस्याको सामाधन गर्न सकारात्मक वातावरण बन्ने अपेक्षा बढेको बताए ।

वार्षिक सय जना कामदार पठाउन नपाएका दुई सय पचास बढी म्यानपावर कम्पनीको इजाजत नवीकरण हुने अवस्था नभएपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानाकर्षण गराएका छन् । प्रधानमन्त्री ओलीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीसँग छलफल गरेर वार्षिक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका म्यानपावर कम्पनीको इजाजत नवीकरण हुने व्यवस्था गरिदिने आश्वासन दिएको व्यवसायीले बताएका छन् ।

यसअघिको सरकारको अन्तिम मन्त्रिपरिषद् बैठकमा तत्कालीन श्रममन्त्री डोलप्रसाद अर्यालले वार्षिक सय जना कामदार पठाउन नसकेका म्यानपावर व्यवसायीको समेत इजाजत नवीकरण गर्ने वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अन्तर्गत बाधा अड्काउ फुकाउने प्रस्ताव फिर्ता लिएपछि दुई सय पचास म्यानपावर व्यवसायीले असार मसान्तसम्म लाइसेन्स नवीकरण गर्न पाएका छैनन् । व्यवसायीले विलम्ब शुल्क तिरेर असोज मसान्तसम्म लाइसेन्स नवीकरण गराउन पाउने व्यवस्था छ ।

## ३७ दिनमा...

छ । सडक दुर्घटनाका कारण बर्सेनि ठूलो संख्यामा नागरिकले ज्यान गुमाइरहेको तर, सरकारले यसमा ध्यान दिन नसकेको भनेर सरकारको ध्यानाकर्षण हुने गरेको छ । सडक यात्रालाई सुरक्षित बनाउन विलम्ब गर्न नहुने विषयमा पनि जोड दिइन्छ ।

तर, सरकारले आवश्यक पूर्व तयारी नगरेका कारण दुर्घटना निरन्तर बढ्दो रहेको छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका सांसद उर्मिला अर्याल सुरक्षित यात्राका लागि बाढी र पहिरोले प्रभाव नपर्ने गरी राजमार्ग, सडक वा बाइपास निर्माण गर्नुपर्नेमा जोड दिन्छिन् ।

सडक सुरक्षालाई राज्यले पहिलो प्राथमिकता दिनुपर्नेमा जोड दिँदै उनी नेपालका हरेक राजमार्गमा ३० मिनेटभित्र पुग्न सक्ने गरी स्वास्थ्य संस्थाको विकास गर्न सुझाव दिन्छिन् ।

# नवोदित साहित्यिक वाचनालय कतारको अधिवेशनसँगै मनाइयो भानु जयन्ती

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ६ साउन



वि.सं. २०६५ सालमा कतारमा स्थापित साहित्यिक संस्था नवोदित साहित्यिक वाचनालयले आफ्नो १६ औं अधिवेशन नज्मास्थित गोरखा रेस्टुरेन्टमा भव्य रूपमा सम्पन्न गरेको छ ।

आदिकवि भानुभक्त आचार्यको २१०औं जन्म-जयन्ती समारोहका साथै अनेसास नवोदित साहित्य वाचनालय कतारको १४८ औं वाचन डबली शृंखला तथा विशेष रचना वाचन कार्यक्रम वाचनालयका अध्यक्ष नारायण भण्डारी ‘निर्जल’को सभापतित्व तथा नेपाली राजदूतावास कतारका प्रथम सचिव तथा वरिष्ठ साहित्यकार कृष्ण कुमार सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न गरेको हो ।

अधिवेशनको बन्द सत्रबाट सन्दीप थपलिया ‘सानु’ को नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन भएको छ ।

समितिको प्रथम उपाध्यक्षमा सोम थापा, द्धितीय उपाध्यक्षमा शोभाराम ओली, मोबाइल पुस्तकालय संयोजकमा सुरेश परियार,महासचिवमा शिव सुवेदी, सचिवमा खिम पुन र कोषाध्यक्षमा सुजता डिसी र सह-कोषाध्यक्षमा गोविन्द उदासी चयन भएका छन् । त्यस्तै कार्यसमिति सदस्यहरूमा रफि मिया, सदीक्षा थपलिया,अनवर अलि,डिल्लीराज केसी रहेका छन् ।

आदिकवि भानुभक्त आचार्यको फोटोमा माल्यार्पण गर्दै साहित्यिक वाचनलाई अगाडि बढाइएको विशेष रचना वाचनमा सर्जक तथा कवि पूर्ण कान्छा गुरुङ, मुक्तककार सुजात डिसी र गजलकार सुरेश परियार ‘आभाष’ ले आफ्ना रचना वाचन गरेका थिए ।

रचना वाचकहरूलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो ।

अधिवेशनमार्फत लामो समयदेखि कतारमा रहेर नेपाली साहित्यमा साधनारत वाचनालयका पूर्व अध्यक्ष तथा अनेसास कतार च्याप्टर शाखाका अध्यक्ष लेख कार्की सम्मानित भएका छन् ।

कार्कीलाई कतार नेपाली डायस्पोरामा एक दशक भन्दा धेरै समयदेखि अविछिन्न रूपमा नेपाली भाषा साहित्यलाई नयाँ पुस्ताबीच जोडिरहन सधैं प्रभावकारी भूमिका खेलेको भन्दै कार्कीको साहित्यिक साधना र योगदानको उच्च कदर गर्दै नवोदित स्रष्टा सम्मान २०८१ द्वारा दोसल्ला ओढाएर सम्मान पत्रद्वारा सम्मान गरिएको थियो ।

कार्कीका बारेमा निर्माण गरिएको २४ मिनेट लामो भिडियोमार्फत उनका कृति, जन्म, कर्म र सफलताको गाथा देखाइएको थियो । वाचनालयका प्रथम उपाध्यक्ष लिलानाथ घिमिरेले स्वागत मन्तव्य राखेको कार्यक्रममा आफ्ना शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि सुवेदीले परदेशमा समय बचाएर एउटै संस्थाले ‘१४८ औं’ पटकसम्म डबलीमार्फत साहित्यिक यात्रा गरेकोमा खुसी व्यक्त गरे ।

उनले सर्जकहरूलाई मरुभूमिमा बसेर लेख्ने कविताहरूले नेपालको नेपाली साहित्यको वर्तमान कविताको मूल धारको नेतृत्व गर्न सक्ने गरी लेख्नका लागि कोसिस गर्न सुझाव दिए ।

महासचिव शोभाराम ओलीले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति भण्डारीले कार्यक्रम र आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे ।

उनले आफ्नो कार्यकालमा अधुरा रहेका कार्यलाई नयाँ समितिले पूर्णता दिने विश्वास व्यक्त गरे ।

सभा हलमा पुस्तकालयको स्टल समेत राखिएको थियो । कार्यक्रममा कतारमा रहेर विभिन्न विधामा कलम चलाउने साहित्यकारहरू, फरक फरक डबलीका विशिष्ट श्रोताहरू लगायत साहित्यलाई माया गर्ने साहित्य प्रेमीसहित कतारमा स्थापित विभिन्न संघ सस्थांहरुका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

**को हुन् नवनिर्वाचित अध्यक्ष ?**

वि.सं.२०५५ साल मंसिर २८ गते पिता मोहन चन्द र माता सरस्वाता थपलियाको कोखबाट तेह्रथुमको आठराई गाउँपालिका वडा नम्बर ६ मा जन्मिएका थपलिया वैदेशिक रोजगारीको सिलसिलामा सन् २०१७ को अन्तिमतिर कतार प्रवेश गरेका थिए । स्नातकसम्मको अध्ययन गरेका थपलिया कतारमा हरेक महिना सञ्चालन हुने वाचन डबली अन्तर्गत ८४ औं डबलीबाट कतारमा हुर्कंदै गरेको साहित्यसँग जोडिएका हुन् ।



नेपालमा रहँदा २०६९ सालमा झापाको बिर्तामोडमा रहेको मनकामना क्याम्पसको साहित्यिक परिवारको संस्थापक सचिव भएर काम गरिसकेका उनी कतारमा नवोदितमा २ कार्यकाल कार्यसमिति सदस्य, एक कार्यकाल सचिव, एक कार्यकाल मोबाइल पुस्तकालय संयोजक, एक कार्यकाल द्धितीय उपाध्यक्ष रहेर कार्यसम्पादन गरेको अनुभव छ । नव निर्वाचित अध्यक्ष थपलियाका परिवार झापाको बिर्तामोड ८ गरामनी बसोबास गर्छन् । परिवारमा बाबा-आमा र भाइ गरी ४ जना रहेका छन् । गजल विद्यामै रहेर नेपाली साहित्यलाई मलजल गर्दै कतारमा स्थापित विभिन्न संघसंस्थासँग सहकार्य गर्दै अगाडि बढ्ने उनले प्रतिबद्धता जनाएका छन् ।

# अवैध सामान बरामद



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ साउन

प्रहरीले अवैध किराना तथा कपडा लगायतका सामान बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरी टोलीले उक्त सामान बरामद गरेको हो ।

विभिन्न मिति र समयमा प्रहरीको गस्ती टोलीले भन्सार छली, चोरी निकासी पैठारीका अवैध सामान बरामद गरेको हो । प्रहरी टोलीले बरामद गरेको सामानको मूल्य एक लाख आठ हजार दुई सय पैत्तिस रुपैयाँ बराबरको रहेको प्रहरीले जनाएको छ ।

बरामद उक्त किराना तथा कपडा लगायतका सर सामानहरु नियन्त्रणमा लिइ आवश्यक कारबाहीको लागि गौर भन्सार कार्यालय रौतहटमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका नि.सूचना अधिकारी एवम् प्रहरी निरीक्षक उमाशंकर प्रसाद गुप्ताले जानकारी दिए ।

पछिल्लो समय रौतहट प्रहरीले अवैध रुपमा भारतबाट भन्सार छली गरेर ल्याएको सामानहरु पक्राउ गर्न तदारुकताका साथ लागि परेको छ ।


## भुलसुधार सम्बन्धी सार्वजनिक सूचना

लमजुङ माध्यमिक विद्यालय गाउँशहरको शुभहीरक महोत्सव २०८० को अवसरमा यस गाउँशहर लमजुङ समाजले संयोजन गरी मिती २०८० पौष २७ मा विमोचित शुभहीरक महोत्सव स्मारिका २०८० मा डा. बम बहादुर अधिकारीको लेखको पेज ५३ को अन्तिम हरफ र पेज ५४ को पहिलो हरफमा भुलवश अन्यथा हुन गएकाले सम्पादक मण्डल तथा लेखकद्वारा उक्त गलत, असत्य तथा भ्रामक भएको व्याक्याशं खारेज भएको र उक्त वाक्यांशबाट असर पर्न गएको पक्षसँग विनम्रतापुर्वक क्षमायाचना गरिएको छ । सम्पादन मण्डलद्वारा गाउँशहर लमजुङ समाजलाई भुलसुधार सहित स्मारिकाको संसोधित संस्करण पुनः प्रकाशन गरिदिन अनुरोध भई आएकोले आॅफूसँग भएको स्मारिकालाई कृपया लमजुङ मा.वि. गाउँशहर वा गाउँशहर लमजुङ समाज काठमाडौं वा लमजुङ गाउँशहर चितवन नवलपुर सेवा समाजलाई यथाशीघ्र उपलब्ध गराई सहयोग गरि दिनु हुन अनुरोध छ ।

**गाउँशहर लमजुङ समाज, काठमाडौं ।**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०८०/०७/२२ मा दर्ता भएको **अल्का रिक्रुटमेन्ट सेन्टर प्रा. लि. (प्रा.लि. नं. ३२३१५३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## साउदीमा रोजगार

कम्पनी: MOTAKAMILA INTEGRATED FACILITIES MANAGEMENT
शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/०६ चलानी नं.: ६०२२२४६७ LT. No.: 307757

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १४ गते (29 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No. 1244/074/075
URS is a member of registrar of standards (holdings) Ltd.
ISO 9001:2015 Certified

**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan- 3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01- 4961807, 4962925 9802067941 | 9801081902



## साउदी अरबमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL DANA INTERNATIONAL CO शहर: Saudi Arabia, Dammam
पुर्व स्वीकृत मितिः २०८१/०४/०६ चलानी नं.: ६०२२२४६६ L.T. No.: 307760

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ६४,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन १४ गते (29 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | [illegible] कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BLUE SKY
**ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं
(ब्राजिलियन राजदूतावासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ ।



## साउदी र युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASK CONTRACTING COMPANY शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/०६ चलानी नं.: ६०२२२४५५ LT. No.: 307748

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HYDROPOWER ENERGY GENERAL CONSTRUCTION शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०४/०६ चलानी नं.: ६०२२२४६० LT. No.: 307735

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 200 | 0 | स. काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HYDROPOWER ENERGY GENERAL CONSTRUCTION शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०४/०६ चलानी नं.: ६०२२२४६१ LT. No.: 307736

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 200 | 0 | स. काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १४ गते (29 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353 | 9801029271
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np



## साउदीमा रोजगार

कम्पनी: EMDAD HUMAN RESOUCES COMPANY
शहर: Saudi Arabia,Dammam
पूर्व स्वीकृत मितिः २०८१/०४/०६ चलानी नं.: ६०२२२४६४ L.T. No.: 307743

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labour | 23 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १४ गते (29 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No.: 517/061/062
**Rightway Enterprises Pvt. Ltd.**
Aaloknagar Minbhawan-31
Kathmandu, Nepal
Tel : 01-4106275,4106276
Mob: 9808079942

# कर्णालीमा माओवादीका मन्त्रीहरूले सोमबार राजीनामा दिँदै

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ६ साउन

नेकपा माओवादी केन्द्रबाट कर्णाली प्रदेश सरकारमा सहभागी मन्त्रीहरूले राजीनामा दिने भएका छन् ।

सोमबार समर्थन फिर्ता लिएको पत्र र राजीनामा पत्रसँगै बुझाउने तयारी गरिएको माओवादी प्रदेश सभा दलका प्रमुख सचेतक तथा उर्जा तथा जलस्रोत मन्त्री रणसिं परियारले जानकारी दिए ।

दलका नेताबाट समर्थन फिर्ताका लागि आउनुपर्ने पत्र नआएकाले हालसम्म ढिलाई भएको उनले बताए ।

'औपचारिक रुपमा दलका नेताको पत्र पनि आएको छैन, मुख्यमन्त्री पनि केही समयअघि मात्र सुर्खेत आउनुभएको हुनाले हामीले राजीनामा दिन नसकेका हौं ।'



यसअघिसम्म कर्णालीमा माओवादीले केन्द्रमा निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिने दिनसम्म कुरेको थियो ।

प्रचण्डले विश्वासको मत नपाएपछि मन्त्रीबाट राजीनामा दिने तयारी गरेपछि मुख्यमन्त्री र दलका नेता प्रदेशमा नभएपछि अड्किएको थियो । मुख्यमन्त्री यामलाल कँडेले शुक्रबार सुर्खेत आएका छन् । मुख्यमन्त्री कँडेलको नेतृत्वमा कर्णाली प्रदेश सरकारमा माओवादीबाट चार जना मन्त्री सहभागी छन् ।

महेन्द्र केसी आर्थिक मामिला तथा योजना मन्त्री, रणसिंह परियार जलस्रोत तथा उर्जा विकास मन्त्री, दुर्गबहादुर रावत उद्योग, पर्यटन, वत तथा वातावरण मन्त्री र वीरबहादुर शाही सामाजिक विकास मन्त्री छन् ।

यसअघि केन्द्रमा माओवादी र एमालेबीच दोस्रोपटक गठबन्धन हुँदा कर्णालीमा एमाले संसदीय दलका नेता यामलाल कँडेलको नेतृत्वमा सरकार बनेको थियो ।

उनको नेतृत्वमा माओवादीबाट यी चार जना मन्त्री बनेका थिए । कर्णाली सरकारबाट माओवादीले समर्थन फिर्ता लिएपछि नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धनमा सरकार निर्माण हुनेछ । हाल एमालेबाट मुख्यमन्त्री रहेका कँडेलकै नेतृत्वमा केही समय नेपाली कांग्रेस सरकारमा जानेछ ।

४० सदस्यीय प्रदेश सभामा नेकपा एमालेका १० जना सांसद छन् । नेपाली कांग्रेसका हाल १४ जना सांसद छन् । कांग्रेसका १५ जना सांसद रहेकोमा संसदीय दल नेता जीवन शाहीलाई वाइडबडी काण्डमा मुद्दा लागेपछि उनी निलम्बित छन् । प्रदेश सभामा माओवादीका १३, समाजवादीका १ र राप्रपाका १ जना सदस्य छन् ।

# बीपीको योगदानको चर्चा



**सपना बोहरा/मध्यान्ह**
दाङ, ६ साउन

४२ औं बीपी स्मृति दिवसको अवसर पारेर नेपाली कांग्रेस दाङले वृक्षारोपण गरेको छ ।

नेपाली कांग्रेसका संस्थापक नेता महामानव विश्वेश्वर प्रसाद कोइरालाको ४२ औं स्मृति दिवसको अवसरमा वृक्षारोपण कार्यक्रम गरेको हो ।

घोराही उपमहानगरपालिका वडा नं. ४ बसन्तापुर सामुदायिक भवनको पार्कमा एक सय पचास विभिन्न जातका वृक्षारोपण गरेको हो । नेपाली कांग्रेस दाङका सभापति शंकरप्रसाद डाँगीको सभापतित्वमा भएको कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रीय सदस्य कृष्णकिशोर घिमिरेले कार्यक्रमलाई सम्बोधन गर्दै विपीको आर्दश र मार्गदर्शनलाई नेतृत्वले अनुशरण गर्नुपर्ने बताए ।

नेपालकै राजनीतिमा बीपीको अभाव खड्कीरहेको उनले बताए । उनले भने, 'बीपीको संघर्ष, योगदान, त्याग र आदर्श चरित्रबारे पार्टीले नयाँ पुस्तालाई बुझाउनु पर्छ । त्यसतर्फ नेतृत्वको ध्यानाकर्षण हुनुपर्छ ।'

कार्यक्रममा सहभागी अन्य नेता तथा कार्यकर्ताहरुले बीपीको दर्शन र प्रजातान्त्रिक समाजवादलाई आत्मसात गर्नुपर्ने बताएका थिए । बीपी नरहे पनि पार्टी सिद्धान्तबाट विचलित नहुने उनले बताए । बीपीका विचारधारालाई नयाँ पुस्तामा पुऱ्याउने दायितव नेपाली कांग्रेसको रहेकाले जनताको माझ लैजान जनसमक्ष लैजान संकल्प गर्नुपर्ने उनले बताए ।

कार्यक्रममा नेपाली कांग्रेस दाङका पूर्व सभापतिहरु बिर्केस्वरी गौतम, मोहन वली, नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सहमहामन्त्री खगराज पाण्डे, महासमिति सदस्य भुपबहादुर डाडी, जानकीलाल बस्नेत, नेपाल विद्यार्थी संघ दाङका सभापति कुलराज पोखेल, विद्यार्थी नेता निरज गिरि लगायतले बीपीको योगदानको बारेमा चर्चा गरेका थिए । कांग्रेस दाङका उपसभापती कमानसिंह भारतीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सहजीकरण सचिव अर्जुन योगीले गरेका थिए । कार्यक्रममा सहभागीहरुलाई अर्का उपसभापति गिरिराज सुवेदीले धन्यवाद व्यक्त गरेका थिए ।

त्यसैगरी बीपी कोइरालाको स्मृतिमा तुलसिपुरमा पनि वृक्षारोपण गरिएको छ । नेपाली कांग्रेस तुलसीपुर ५ को आयोजनामा बसपार्क लाइनमा विभिन्न जातका बिरुवा रोपिएको हो ।

कार्यक्रम नेपाली कांग्रेसका प्रभावशाली केन्द्रीय सदस्य तथा पूर्व सभाषद् गेहेन्द्र गिरिले बिरुवा रोपेर उद्घाटन गरेका थिए । कांग्रेस केन्द्रीय सदस्य गिरिले नेपाली राजनीतिमा बीपीले अघि सारेको मेलमिलापको नीतिलाई आत्मसात गर्नुपर्नेमा जोड दिएका थिए ।


## साउदीमा रोजगार

कम्पनी: **GREEN SUPPORT LOGISTICS SERVICE CO.** शहर: **Dammam**
पूर्व स्वीकृत मितिः २०८१/०४/०६ चलानी नं.: ६०२२२४५७ LT. No.: 307763

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **BUILDING POINT INNOVATIONS ESTABLISHMENT FOR GENERAL CONTRACTING** शहर: **RIYADH**
पूर्व स्वीकृत मितिः २०८०/११/२७ चलानी नं.: ६०२१६२६४ LT. No.:301386 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १४ गते (29 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्सः ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

## साउदी र ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **ABDUL RAHMAN AL-OTAISHAN & SONS GROUP COMPANY LIMITED** शहर: **Dammam**
पुर्व स्वीकृत मितिः २०८१/०४/०६ चलानी नं.: ६०२२२४५८ L.T. No.: 307764

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Car Mechanic | 1 | 0 | | 1400 | ५०,९१८ | | | | | | | |
| 3. | Construction Worker | 17 | 0 | | 1000 | ३६,३७० | | | | | | | |
| 4. | Heavy Truck Driver | 14 | 0 | | 1800 | ६५,४६६ | | | | | | | |
| 5. | Stone Building | 3 | 0 | | 1200 | ४३,६४४ | | | | | | | |

कम्पनी: **ARABIAN IDUSTRIES PROJECTS LLC** शहर: **Oman, Sohar**
पुर्व स्वीकृत मितिः २०८१/०४/०६ चलानी नं.: ६०२२२४५९ L.T. No.: 307681

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Constructioin Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ४८,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | scaffolder Installationl Labor | 10 | 0 | | 140 | ४८,६८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन १४ गते (29 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |



